# भैसीपालन सुत्केरी प्रोत्साहन कार्यक्रम सन्चालन कार्यविधी,२०७९

**दार्मा गाउँपालिका, सल्यान**

**कर्णाली प्रदेश**

**नेपाल**

## दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड -६,    सङ्ख्या : १०    मिति : २०७९/०९/२०**

## भाग -२

## दार्मा गाउँपालिका

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०७९/०९/२०

प्रमाणिकरण मिति :२०७९/०९/२६

# भैसीपालन सुत्केरी प्रोत्साहन कार्यक्रम सन्चालन कार्यविधी,२०७९

भैसीले बेतभरी दिने दुधको परिमाण ब्याएको दुई महिना भित्र दुधको उत्पादनमा निर्भर रहेको हुन्छ।सो अवधि भित्र लैनो पशुले बढी दुध दिन सकेमा मात्र सोही अनुपातमा बेत भरी नै उत्पादन कायम राख्न सकिन्छ ।यसैले सो अवधी पशुको अति महत्वपूर्ण अवस्थामा नै नबजात पाडापाडी स्याहार सुसार गर्नु पर्ने भएकोले आवश्यकता अनुसार सन्तुलित आहारा र अन्य स्याहार सुसारका लागी कृषकहरुमा जागरण ल्याउँन आवश्यक ठानी यस दार्मा गाउँपालिकामा भैसीको संख्या कमी भैई भैसी लोप हुने अवस्थामा देखिएको र जन्मने बितिकै पाडापाडी फाल्ने प्रवृति देखिएकोले पाडापाडी बचाउँनको लागी विमित भैसिलाई सुत्केरी स्याहार प्रोत्साहान भत्ता अनुदान कार्यक्रमलाई सरल,सहज,व्यवस्थित,प्रभावकारी र पारदर्शिरुपले कार्यान्वन गर्न दार्मा गाउँपालिका, पशु सेवा शाखाबाट यो कार्यविधी जारी गरिएको छ ।

परिच्छेद-१
प्रारम्भिकः

१.संक्षिप्त नाम र प्रारभ्मः

१.कार्यविधिको नाम " भैसीपालन सुत्केरी प्रोतसाहन पशु आहारा भत्ता कार्यक्रम संचालन कार्यविधि २०७९"रहेको छ।

२. यो कार्यविधि दार्मा गाउँपालिकाको कार्यपालिकाबाट स्विकृत भएपक्षि प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क "गाउँपालिका " भन्नाले दार्मा गाउँपालिका सल्यालन सम्झनु पर्नेछ ।

ख) "शाखा " भन्नाले पशु सेवा शाखा सम्झनु पर्नेछ ।

ग) " कार्यालय" भन्नाले दार्मा गाउँपालिका, पशु सेवा शाखा सम्झनु पर्नेछ ।

घ) " कार्यादल" भन्नाले दार्मा गाउँपालिका, पशु सेवा शाखा सम्झनु पर्नेछ ।

ङ) " कार्यविधि "भन्नाले" भैसीलाई सुत्केरी स्याहार प्रोतसाहान पशु आहारा अनुदान कार्यक्रम संचालन कार्यविधि,२०७९" सम्झनु पर्नेछ।

**३. उद्देश्यहरु** :

क) दुधालु भैसीको लैनो अवस्थामा थप उचित स्याहार /सुसार र पोषणको माध्यमबाट दुध उत्पादन बृद्धि गरी सोही अनुपातमा बेत भरी नै दुध उत्पादन कायम राख्ने ।

ख) पाडापाडीको मृत्युदर कम गरी उचित बृद्धिदर,तौल तथा गुणस्तर कायम राख्ने ।

ग) जन्मदै पाडापाडी बोरामा हाली फाल्ने प्रथाको अन्त्य गरी पाडापाडी कम्तिमा एक बर्ष पालौ अभियान लागु गर्ने । यदि उक्त नियम उल्घन गर्ने कृषकलाई कारवाही तथा जरिवाना गर्ने ।

घ) पशुको दुई बेतको अन्तर कम गरी उत्पादन लागत घटाउंने ।

४) **छनौट समितिको गठनः** यस कार्यक्रममा कृषकहरु छनौटका लागी देहाय वमोजिम छनौट समिति सदस्यहरु रहनेछन् ।

| | |
|---|---|
| क. प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| ख. आर्थिक विकास समितिको संयोजक | सदस्य |
| ग. लेखा शाखा प्रमुख | सदस्य |
| घ. कृषि विकास शाखा प्रमुख | सदस्य |
| ङ. पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

**५.यस कार्यक्रमको अवधि १ बर्षको हुनेछ र आवश्यकता अनुसार थपघट हुनेछ ।**

**६.कार्यक्रम संचालनका लागी कृषक छनौटका आधारहरुः**

क) सहकारी, समुह/समितिमा आवद्ध भएको कृषक हनुपर्नेछ ।

ख) पशु विमा गरेको हुनुपर्नेछ ।

ग) सम्वन्धित पशु सेवा केन्द्र तथा वडा कार्यालयबाट पशु व्याउंने वा पशु व्याएको प्रमाण पेश गरेको हुनुपर्नेछ ।

**७. कार्यक्रम संचालनका लागी छनौट प्रकृयाः**

क) दार्मा गाउंपालिकाको पशु सेवा शाखाले अनुसुची १ बमोजिमको दरखास्त आह्वान गर्नेछ ।

ख) अनुदान प्राप्त गर्न मापदण्ड पुरा गरेका ईच्छुक कृषकहरुले सम्वन्धित पालिकाको पशु सेवा शाखामा पेश गर्नुपर्नेछ ।

ग) प्राप्त निवेदनहरु पशु सेवा शाखाले पशु सेवा शाखा कार्यदलमा पेश गर्नुपिर्नछ ।

घ) पशु सेवा शाखा कार्यादलमा पेश भएका विवरणका आधारमा कृषकहरु छनौट गर्ने ।प्रति कृषक रु.५०००।अक्षररेपी पाँच हजार मात्र) अनुदान उपलव्ध गराउंनेछ ।

ङ) विनियोजित बजेटबाट पुग्ने कृषक संख्या भन्दा बढी आवेदन परेको हकमा पहिले व्याउँने पशुलाई पहिलो प्राथमिकता दिई कृषक छनौट गरिनेछ।अन्य कृषक छनौट गर्ने आधार पशु सेवा शाखाको कार्यदलले तोके वमोजिम हुनेछ।

**८. सेवा संचालन प्रकृयाः** यस कार्यक्रम वमोजिमको सेवा संचालन गर्ने प्रकृया देहाय बमोजि हुनेछः

क) दार्मा गाउँपालिका पशु सेवा शाखा र छनौट भएका कृषकहरु विच अनूसुची-२ सम्झौता गरिनेछ ।

ख) पशु व्याई नसकेका तर अवस्थाको प्रमाण सहित निवेदन पेश गरेर अनुदान प्राप्त गर्न छनौट भएका कृषकहरुले पशु व्याएको प्रमाण गाउँपालिको पशु सेवा शाखामा पेश गरेपछि मात्र अनुदान रकम प्राप्त गर्नेछन्।

**९. अनुदानको भुक्तानीः** १-अनुदान प्राप्त गर्न छनौट भएका कृषकहरुलाई दार्मा गाउँपालिकाले बैंक चेक मार्फत भुक्तानी गर्नुपर्नेछ।

२.अनुदानरकमको भुक्तानी कार्यविधि वा सम्झौता पत्रमा उल्लेख भएको हकमा सोही बमोजिम हुनेछ।

**९.अनुगमन मूल्याङकन तथा प्रतिवेदन सम्वन्धि व्यावस्थाः**

यस कार्यक्रम अनुगमन गाउँपालिमा, पशु सेवा शाखा र वडामा रहेका पशु सेवा केन्द्र तथा वडा कार्यालयले गर्नेछ,सो को प्रगति प्रतिवेदन सावन्धित पशु सेवा केन्द्रले गाउँपालिको पशु सेवा शाखामा पठाउँनुपर्नेछ ।

**१०.थपघट तथा हेरफेर गर्न सक्नेः**

१.यो कार्यविधीको कार्यान्वलाई व्यवस्थित र प्रभावकारी बनाउँन दार्मा गाउंपालिकाको कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिमा थपघट ,हेरफेर तथा खारेज गर्न सक्नेछ।

२.यस कार्विधको कार्यान्वनमा कुनै अवरोध र अस्पष्टता आएमा त्यस्तो बाभा अवरोध फुकाउँने प्रयोजनका लागी गाउँपालिकाले आवश्यक अनुसार व्याख्या गर्न सक्नेछ ।

अनुसूचिः१

भैसीपालन सुत्केरी प्रोतसाहन अनुदान कार्यक्रको लागी दरखास्त आह्वानको सूचना

यस दार्मा गाउँपालिकाको पशु सेवा शाखाको आ.व.२०७९/०८० को बार्षिक स्विकृत कार्यक्रम अनुसार कृषकहररुका विमित भैसिलाई सुत्केरी प्रोत्साहन अनुदान कार्यक्रम संचालन गरी बेत भरीनै बढि दुध उत्पादन कायम राख्न र जन्मदै पाडापाडी फाल्ने प्रथाको अन्त्य गरी पाडापाडी स्वस्थ राख्न तोकिए वमोजिमका मापदण्डहरु पुरा गरेका कृषककहरुबाट आवेदनका लागी यो सूचना प्रकाशित गरिएको छ ।ईच्छुक कृषकहरुले हयो सूचना प्रकाशन भएको मितिले .......... दिन भित्र तोकिएको ढांचा अनुसारको आवेदन फारम यस कार्यालयमा पेश गर्नु होला ।विस्तृत जानकारीका लागी ...........................................राख्नु होला ।

**कार्यक्रम संचालनका लागी कृषक छनौटका आभारहरुः**

- अनुदान प्राप्त गर्न चाहने सम्वन्धीत पालिका भित्रका कृषकहरुले यस गाउँपालिकाको पशु सेवा शाखामा निवेदन पेश गर्नुपर्ने छ ।
- कृषकहरुले निम्न कार्यहरु पार गरेको हुनुपर्ने छ ।
    - ➢ एक वटा दुधालु भैसी पालन गरेको हुनु पर्नेछ ।
    - ➢ दुध उत्पादक सहकारी संस्था / समुह/ समितिमा आबद्ध भएको हुनुपर्नेछ ।

➢ पशु विमा गरेको हुनुपर्नेछ ।

अनूसुची -२

आवेदन फारमको ढाँचा

श्री.........................ज्यू                    मितः.........................

दार्मा गाउँपालिको कार्यालय

फारुलाचौर सल्यान।

बिषयः भैसिपालन सुत्केरी प्रोतसाहन अनुदान उपलव्ध सम्वन्धमा।

महोदय,

उपरोक्त बिषयमा आ.व.२०७९/०८० को  यस दार्मा गाउँपालिका पशु सेवा शाखाको स्विकृत वजेट तथा कार्यक्रम अनुसार मेरो मिति.........................गते भैसी व्याएको हुनाले भैसीपालन सुत्कुरी प्रोतसहान अनुदान कार्यक्रम प्राप्त गरी जन्मदै पाडापाडी फाल्ने  प्रथाको अन्त्य गर्नमा सहयोग गरी भैसी संरक्षन कार्यमा सहयोग गर्नेछु भनि तपसिल वमोजिमका कागजात राखी यो निवेदन पेश गर्दछु ।

तपसिल

१.भैसी व्याएको प्रमाण( मालिक सहित भैसी र पाडापाडीको रंगिन फोटो- १ प्रति

२.भैसी व्याएको प्रमाणित पशु सेवा केन्द्र वा वडा कार्यालयको सिफारिस-१प्रति

३.समुह/समितिमा आवद्ध भएको प्रमाण पत्रको फोटोकपी वा भैसी विमा गरेको कागजात -१ प्रति

निवेदक

नामः

समुह/समितिः

ठेगानाः:

दस्तखतः

सम्पर्क फोन नं.

अनुसूचीः ३

भैसीलाई सुत्केरी प्रोतसहान भत्ता अनुदान कार्यक्रको लागी यस दार्मा गाउँपालिका .................................... र.......................................बिच भएको सम्झौता पत्र

दार्मा गाउँपालिका,पशु सेवा शाखा द्धारा संचालन गरिने भैसीलाई सुत्केरी प्रोतसहान भत्ता अनुदान कार्यक्रमको उद्देश्य अनुरुपको उपलव्ध हासिल गर्न दार्मा गाउँपालिका....................(यसपछि पहिलो पक्ष भनिने) र..........................वडा नं.का श्री/श्रीमती/सुश्री........................(यसपछि दोश्रोपक्ष भनिने )बिच उल्खित शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न द्धिपछिय सम्झौता सम्पन्न भयो ।

१.दोस्रो पक्षले तपसिल बमोजिमका कार्यहरु गर्नु पर्नेछ ।

तपसिल

अनुदान रकम बाट लैनो माउं र पाडापाडीको विशेष स्याहार सुसार गर्नु पर्नेछ ।

पौष्टिक दाना, मिनरल व्लक, भिटामिनन्स,ड्रेन्चिङ, खोप आदिको व्यवस्था गर्नुपर्नेछ ।

पशु वस्तुको स्वास्थ्य व्यवस्थापन र उत्पादन एवं उत्पादकत्व बृद्दिका कार्यहरु गर्नुपर्नेछ ।

२.दोस्रो पक्षबाट गर्नुपर्ने कार्यहरु संतोषजनक नपाईएमा प्रचलित कानून बमोजिमको कारवाहीको भागेदारी हुनुपर्नेछ।

३.अनुदान प्राप्त गर्ने कृषकले प्राप्त अनुदानबाट गरेका कृयाकलापहरुको प्रतिवेदन प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| दार्मा गाउँपालिकाबाट दस्तखत गर्नेको | |
| नामः | नामः |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | |

**रोहवर**

दस्तखतः

नामः:

ठेगानाः

मितिः

आज्ञाले,

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत